"सुखी र समृद्ध मैवाखोलाको आधार; अर्गानिक कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र पुर्वधा"

# चिकित्सकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**मैवाखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यलय**

**साँघु, ताप्लेजुङ**

**कोशी प्रदेश, नेपाल**

# चिकित्सकलाई प्रोत्साहन भत्ता उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

मैवाखोला गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुको सेवालाई प्रभावकारी गुणस्तरिय,छिटो,छरितो बनाउन उच्च मनोबलयुक्त ईमान्दार र कर्तव्यनिष्ठ कर्मचारीको आवश्यकता पर्दछ। स्वास्थ्य सेवालाई गुणस्तरिय राख्न एवं कार्यसम्पदानको स्तर सुधार गर्न गाउँपालिकाको तर्फबाट कर्मचारीको कार्यसम्पादन आधारमा प्रोत्साहन तथा दण्डको व्यवस्था गर्न आवश्यक देखिन्छ । अतः उपलब्ध जनशक्तिलाई उच्च मनोबलका साथ गाउँपालिकाको नितिगत,प्रशासनिक एवं संरचनात्मक विकासलाई संस्थागत गर्न स्वास्थ्य केन्द्रको दिर्घकालिन सोच,उद्देश्य प्राप्ति गर्न नितिको कार्यान्वयन र अतिरिक्त समय सेवा प्रवाह गर्न कुशल कार्यक्षमता भएका चिकित्सलाई प्रोत्साहन भत्ता उपलब्ध गराउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि गाउँपालिकाले यो कार्यविधि तयार गरेको छ ।

## परिच्छेद-१

1. संक्षिप्त नाम र प्रारम्भः

   (1) यस कार्यविधिको नामः- " मैवाखोला गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा कार्यरत चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि,२०८२" रहेको छ ।

   (2) यो कार्यविधि तत्काल प्रारम्भ हुनेछ ।

२.परिभाषाः-

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(1) "कार्यविधि" भन्नाले मैवाखोला गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुका चिकित्सकलाई उपलब्ध गराउने प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८२ लाई सम्झनु पर्दछ ।

(2) "चिकित्सक" भन्नाले मैवाखोला गाउँपालिका अन्तर्गतको प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा कार्यरत स्थायी तथा करार चिकित्सकलाई सम्झनु पर्दछ ।

(3) "गाउँपालिका" भन्नाले मैवाखोला गाउँपालिकालाई सम्झनु पर्दछ ।

(4) "अध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

(5) "उपाध्यक्ष" भन्नाले मैवाखोला गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

(6) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मैवाखोला गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(7) "प्रोत्साहन भत्ता" भन्नाले मैवाखोला गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य ढुङ्गेसाँघु केन्द्रमा कार्यरत्त चिकित्सकलाई अतिरिक्त समय काम गरे बापतको भत्ता सम्झनु पर्दछ ।

(8) "कार्यसम्पादन" भन्नाले अनुसूची २ बमोजिमको ढाचालाई सम्झनु पर्दछ ।

(9) "स्वास्थ्य संस्था" भन्नाले प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुलाई जनाउने छ ।

(10) "अतिरिक्त समय"भन्नाले नेपाल सरकारले तोकेको कार्यालय समय भन्दा अघि वा पछिको समय वा सार्वजनिक विदाको दिन कार्यालय वा फिल्डमा रही गरेको कार्य अवधिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## ३. प्रोत्साहन भत्ता कार्यान्वयन समिति सम्बन्धी व्यवस्थाः

प्रोत्साहन भत्ता उपलब्ध गराउनको लागि देहाय बमोजिम हुने गरी गाउँपालिका स्तरीय समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| लेखा शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

## ४.कार्यान्वयन समितिको काम,कर्तव्य र अधिकारः

(क) सेवाग्राहीसँग चिकित्सकले प्रदान गरेको सेवा बारे सोधपुछ गर्ने।

(ख) स्वास्थ्य संस्थाको सकारात्मक परिवर्तन सम्बन्धी अनुगमन मूल्याङ्कन गर्ने गराउने

(ग) स्वास्थ्य संस्थाको गतिविधि बारे बेला-बेलामा चिकित्सक सहित बैठक बोलाउने

(घ)स्वास्थ्य सेवालाई प्रक्रियामुखी नभएर परिमाणमुखी गराउने पहल गर्ने

(च) पालिकाभित्रका नागरिकहरुलाई अतिरिक्त समयमा समेत सेवा प्रवाह बारे सूचना प्रचार प्रसार गर्ने गराउने ।

## ५.बैठक तथा सेवा सुविधाः

क. बैठक कम्तीमा ३ महिनामा एक पटक बस्नेछ ।

ख.सेवा सुविधाः यो कार्यक्रम कार्यान्वयन समितिका पदाधिकारीलाई कार्यक्रम संग सम्बन्धित बैठक भत्ता बाहेक अन्य कुनै मौद्रिक सुविधा उपलब्ध गराइने छैन।

६. निवेदन दिनु पर्नेः

प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि आवश्यकताको कारण खुलाई अनुसुची १ र २ बमोजिमको ढाँचामा देहाय बमोजिमको कागजात संलग्न राखी गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

७. लक्षित समूहः

मैवाखोला गाउँपालिकाको नागरिकहरु

८. कार्यक्रम अन्तर्गत संचालन हुने क्रियाकलापहरुः

स्वास्थ्य केन्द्रमा स्वास्थ्य जाँच गर्न आउने नागरिकहरुलाई कार्यालय समय भन्दा अतिरिक्त समयमा समेत सेवा प्रवाह गर्ने गराउने उद्देश्यले गाउँपालिकाको स्वास्थ्य ऐनको परिधिमा रही स्वास्थ्य सेवा प्रदान गरिनेछ।

९.कार्यक्रम सँचालनको तरिका:

यस कार्यविधिले उपलब्ध गराएको कार्यविधिको आधार र अनुसूची १ बमोजिम निवेदन दिनु गर्नेछ ।आफूले गरेको मासिक प्रगति प्रतिवेदन अनुसूची २ बमोजिमको ढाँचामा उपलब्ध गराउनु पर्नेछ ।

१०. अपेक्षित उपलब्धि:

- चिकित्सकको कार्यसम्पादनमा सुधार आई स्वास्थ्य केन्द्रको काम छिटो छरितो दंगले सम्पादन भएको हुनेछ, ।
- चिकित्सकले आफ्नो कार्य विवरणमा तोकिएको जिम्मेवारी दायित्व प्रति उत्तरदायी र जवाफदेही हुनेछन् ।
- सेवा प्रवाह प्रक्रियामुखी भन्दा नतिजामुखी हुनेछ, ।
- कार्यालयमा रहेका दक्ष र सीपयुक्त जनशक्तिको पूर्णरुपमा उपयोग भएको हुनेछ।

- कार्यालयमा नतिजा उन्मुख व्यवस्थापन प्रणालीको विकास गर्नमा मद्दत पुगेको हुनेछ ।
- प्रोत्साहन भत्ता वितरणमा अनावश्यक विवाद तथा अस्पष्टता रहने छैन।

## ११. प्रोत्साहन भत्ताको अधिकतम सिमाः

- यस मैवाखोला गाउँपालिका अन्तर्गत रहेको प्राथमिक स्वास्थ्य केन्द्र ढुङ्गेसाँघुमा कार्यरत्त स्थायी र करार चिकित्सकलाई कार्यसम्पादन करार गरी कार्य प्रगति सूचकका आधारमा स्वास्थ्य सेवा नियमावली २०५५ को दफा ५६ को उपदफा २ बमोजिम २४ सै घण्टा आकस्मिक (Emergency First On call) सेवा मा खटिने मेडिकल अधिकृत लाई १ दिन स्केल बराबरको रकम दैनिक रूपमा भुक्तानी गरिनेछ।

## १२. प्रोत्साहन भत्ता वितरणको प्रक्रियाः

स्वास्थ्य संस्थामा कार्यरत स्थायी र करार चिकित्सकको सबैलाई वितरण गरिनेछ।

## १३. प्रोत्साहन भत्तामा गणना नहुनेः

स्वास्थ्य संस्थामा हाजिर नभएको दिन, बिदामा रहेको दिन, काजमा खटिएको दिन, तालिममा रहेको दिन प्रोत्साहन भत्ता प्रयोजनलाई गणना गरिने छैन ।

## १४. संशोधन तथा परिमार्जनः

यस कार्यविधिलाई थप प्रभावकारी बनाउन आवश्यकता अनुसार कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## १५. खारेजी तथा बचाउः

(क) चालु आ.व बाट यसै कार्यविधिको आधारमा चिकित्सकलाई प्रोत्साहन भत्ता रकम उपलब्ध गराईनेछ ।

(ख) यस कार्यविधिमा संशोधन वा खारेजी गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

अनुसुची–१

प्रोत्साहन भत्ता प्राप्त गर्नको लागि दिईने निवेदन

मितिः..............

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

मैवाखोला गाउँकार्यपालिकाको कार्यालय,साँघु,ताप्लेजुङ

**<u>बिषयः प्रोत्साहन भत्ता सम्बन्धमा ।</u>**

महोदय,

प्रस्तुत विषयमा मैवाखोला गाउँपालिका अन्तर्गत मैवाखोला गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्रमा ......................पदमा कार्यरत म .....................................ले प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय बमोजिम र मासिक प्रतिवेदन अनुसार प्रोत्साहन भत्ता उपलब्ध गराई दिनु हुन अनुरोध छ । निबेदकको नामः

पदः

संस्थाको नामः

ठेगानाः दस्तखतः

फोन नं.

संस्थाको छापः

अनुसुची-२

मैवाखोला गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

साँघु, ताप्लेजुङ

मितिः२०.....................साल ..............महिना................गते देखि...............मिति २०...........साल.......महिना.........गतेसम्म अतिरिक्त समयमा काम गरेको दैनिक प्रतिवेदन(लकबुक)

कर्मचारीको नामः

पदः

कार्यालयः-

| मिति | बार | बिहान | | बेलुका | | जम्मा अतिरिक्त समय(घण्टा) | कामको विवरण | सुपरिवेक्षकको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | देखि | सम्म | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत